# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड २ | संख्या ७ | मिति: २०७५/०१/२६ |
| --- | --- | --- |


**भाग १**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन संख्या ७

# कालिञ्चोक गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ (संशोधन २०७९)

**प्रस्तावना** : आधारभूत तथा माध्यमिक शिक्षाको जग बलियो बनाउँदै गुणस्तरीय शिक्षाको माध्यमबाट स्थानीय तहको विकास तथा राष्ट्र निर्माणको गतिलाई अगाडी बढाउन सक्षम एवम् प्रतिस्पर्धी जनशक्ति तयार गर्न र विद्यालय शिक्षा बाहिर रहेकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट सबल बनाउन नेपालको संविधानको धारा २२६ र स्थानीय

सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र दफा १०२ को अधिकार प्रयोग गरी यो ऐन बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन कालिञ्चोक गाउँपालिका भित्र लागुहुने छ ।

(३) यो ऐन कार्यपालिकाले राजपत्रमा प्रकाशन गरे पश्चात् प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**अनुमति**" भन्नाले तोकिए बमोजिमको सर्त तथा मापदण्ड पूरा गरेको विद्यालयलाई विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न कार्यपालिकाले दिएको स्थायी वा अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ख) "**अनौपचारिक शिक्षा"** भन्नाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(ग) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको बाबु वा आमा वा बाजे वा बज्यै, सासू वा ससुरा र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(घ) **"आधारभूत विद्यालय"** भन्नाले खण्ड (च) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) **"आधारभूत शिक्षा उत्तीर्ण परीक्षा"** भन्नाले आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ ।

(छ) **"आवासीय विद्यालय"** भन्नाले तोकिएको पूर्वाधार विकास गरी आवास सहितको सुविधा प्रदान गर्ने विद्यालयलाई जनाउँछ ।

(ज) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(झ) **"कार्यपालिका"** भन्नाले कालिञ्चोक गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ञ) **"कार्यालय"** भन्नाले कालिञ्चोक गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ट) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चली आएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

(ड) **"निरन्तर शिक्षा"** भन्नाले साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(ढ) **"प्रमुख"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ण) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनु पर्छ ।

(त) **"प्रारम्भिक बाल विकास केन्द्र"** भन्नाले ३ देखि ४ वर्ष उमेर पूरा भएका समूहका बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न खोलिएका प्रारम्भिक बाल विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा किन्डर गार्डेन सम्झनु पर्छ ।

(थ) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यामबाट सिपयुक्त जनशक्ति उत्पादनका लागि दिइने माध्यमिक शिक्षा सम्झनु पर्दछ ।

(द) **"माध्यमिक विद्यालय"** भन्नाले खण्ड (ध) बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ध) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(न) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(प) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा,अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(फ) **"शिक्षक"** भन्नाले विद्यालयको वाल कक्षा देखी १२अध्यापक सम्झनुपर्छ र सोशब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ब) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(भ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(म) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(य) **“संस्थागत विद्यालय”** भन्नाले नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(र) **“सामाजिक परीक्षण”** भन्नाले विद्यालयको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्छ ।

(ल) **“सामुदायिक विद्यालय”** भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(व) **“सामुदायिक सिकाइ केन्द्र”** भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सिप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण र विद्यालय पूर्वाधारको मापदण्ड

### ३. शिक्षाको प्रकार :

(१) गाउँपालिका क्षेत्रभित्र प्रदान गरिने शिक्षा देहाय अनुसारका हुनेछन् -

(क) औपचारिक शिक्षा

(ख) अनौपचारिक शिक्षा

(ग) विशेष शिक्षा

(२) औपचारिक शिक्षामा देहाय अनुसारका तह हुने छन् -

(क) तीन वर्ष पुरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पुरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र,

(ख) पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एक देखि उमेर अनुसार क्रमशः कक्षा आठ सम्मको आधारभूत विद्यालय शिक्षा,

(ग) तेह् वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह् सम्मको माध्यमिक विद्यालय शिक्षा ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको माध्यमिक शिक्षामा देहाय अनुसारको वर्गीकरण गरिने छ :-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा ।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यावहारिक तथा प्रयोगात्मक अभ्यासका लागि एक वर्ष अवधि थपहुने छ ।

(५) अनौपचारिक शिक्षा : अनौपचारिक शिक्षाको व्यवस्थापन देहायअनुसार गर्नुपर्ने छ ।

(क) गाउँपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) गाउँपालिकाले अनौपचारिक शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्ने छ ।

(६) विशेष शिक्षा : विशेष शिक्षाको व्यवस्थापन देहाय अनुसार गर्नु पर्नेछ ।

(क) गाउँपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता

भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने छ।

(ख) गाउँपालिकाको विशेष शिक्षा सम्बन्धित कार्यक्रमका लागि कुनै खास विद्यालयलाई छनौट गर्न सक्ने छ।

**४. विद्यालयको वर्गीकरण :**

(१) विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिने छ -

(क) प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा आठ सम्म कक्षा सञ्चालन गर्ने आधारभूत विद्यालय,

(ख) कक्षा नौ देखि कक्षा बाह्र सम्म कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालय।

(२) उपदफा (१) बमोजिमका आधारभूत तहको विद्यालय र माध्यमिक तहको विद्यालय भौतिक पूर्वाधार, शिक्षक तथा विद्यार्थीको सङ्ख्या तथा स्रोतको उपलब्धताका आधारमा एउटै विद्यालय वा अलग अलग विद्यालयमा सञ्चालन गर्न सकिने छ।

**५. विद्यालय पूर्वाधारको मापदण्ड :**

(१) विद्यालयमा देहाय अनुसारको न्यूनतम मापदण्ड भएको हुनुपर्ने छ -

(क) आधारभूत विद्यालयको कक्षा कोठामा प्रति विद्यार्थी ०.७५ वर्गमिटर तथा माध्यमिक विद्यालयको कक्षा कोठामा प्रति विद्यार्थी १.०० वर्गमिटर क्षेत्रफल र आवागमनका लागि पर्याप्त खुला ठाउँ हुनुपर्ने छ।

(ख) अतिरिक्त क्रियाकलापका लागि विद्यालय भवनले ओगटेको भूभाग बाहेक पर्याप्त खुला क्षेत्र हुनु पर्ने छ।

(ग) बालबालिकाका लागि उमेर अनुसारको खेलकुद पूर्वाधार हुनुपर्ने छ।

(घ) पाठ्यक्रम अनुसारको प्रयोगात्मक परीक्षाको लागि आवश्यक प्रयोगशाला तथा अभ्यास कक्ष हुनु पर्ने छ ।

(ङ) कक्षा कोठामा अधिकतम तीस जना विद्यार्थी राख्न सकिने छ,।

(च) कक्षा तीन सम्मको विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम दुई जना, कक्षा पाँचसम्म शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम तीन जना र सोभन्दा माथि शिक्षा प्रदान गर्ने विद्यालयमा प्रत्येक विषयका लागि न्यूनतमएक-एक जना शिक्षक हुनुपर्ने छ । विद्यार्थी सङ्ख्या र कक्षाको सेक्सनका आधारमा एउटा शिक्षकलाई दैनिक बढीमा छ घन्टी सम्म पर्नेगरी विषय शिक्षक थप गर्नुपर्ने छ ।

(छ) छात्र तथा छात्राका लागि अलग अलग शौचालय तथा शौचालयमा पर्याप्त पानी हुनुपर्ने छ ।

(ज) विद्यालय परिसर सफा र हरियालीयुक्त हुनुपर्ने छ ।

(झ) विद्यार्थीका लागि कम्तीमा डेढ फिट चौडाइ र पाँच फिट लम्बाइ भएको डेस्क र सो डेस्कको आकार सुहाउँदो बेन्चको व्यवस्था गर्नुपर्ने छ । एउटा डेस्क बेन्चमा तीन जना विद्यार्थी राख्न सकिने छ ।

(ञ) कक्षा कोठामा पर्याप्त भेन्टिलेसन तथा प्रकाशको व्यवस्था हुनुपर्ने छ ।

(ट) विपद्को बेला विद्यार्थी शिक्षक तथा कर्मचारी सुरक्षित रुपमा बाहिर निस्कने वैकल्पिक निकासको व्यवस्था गर्नुपर्ने छ ।

(२) छात्रावास राख्ने विद्यालयले उपदफा (१)का अतिरिक्त देहायका थप मापदण्ड पूरा गर्नुपर्ने छ :-

(क) छात्र तथा छात्राका लागि अलग अलग छात्रावास तथा अलग अलग वार्डेनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) छात्रावासको कोठाको न्यूनतम क्षेत्रफल पन्ध्र वर्गमिटर हुनुपर्ने छ र एउटा कोठामा बढीमा तीन जना छात्र वा छात्रा अट्ने गरी खाट, टेबुल र कुर्सीको व्यवस्था हुनुपर्ने छ ।

(ग) छ जना छात्र वा छात्रा बराबर एक शौचालय तथा शौचालयमा पर्याप्त पानीको व्यवस्था हुनुपर्ने छ ।

(घ) छात्रावासमा बस्ने छात्र वा छात्राको उमेर दस वर्ष पूरा भएको हुनुपर्ने छ ।

तर वडा समितिको सिफारिशमा बाबु आमा वा अरु कुनै अभिभावक नभएका अनाथ वा अन्य विशेष परिस्थितिका दस वर्ष नपुगेका बालबालिकालाई छात्रावासमा राख्न सकिने छ ।

(३) विद्यालयले कार्ययोजना बनाई चार वर्ष भित्रमा उपदफा (१) र (२) मा तोकिएको विद्यालय तथा छात्रावासको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ । विद्यालयले सो कार्ययोजना यो ऐन लागू भएको ६ महिनाभित्रमा कार्यालयमा बुझाउनुपर्ने छ ।

(४) गाउँपालिकाले सामुदायिक विद्यालयमा उपदफा (१) र (२) बमोजिमको विद्यालयको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको छ महिना भित्रमा कार्ययोजना बनाई उपदफा (३) मा तोकिएको अवधि भित्र कार्यान्वयन गरिसक्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले उपदफा (१) र (२) बमोजिमको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको ६ महिना भित्रमा कार्ययोजना बनाई उपदफा (३) मा तोकिएको अवधि भित्र आफैंले कार्यान्वयन गरिसक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजनाको गाउँपालिकाले अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) उपदफा (१) मा तोकिएको विद्यालयको न्यूनतम मापदण्ड पूरा गाउँ नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न पाइने छैन ।

## परिच्छेद ३

## विद्यालयको अनुमति, समायोजन, सञ्चालन, व्यवस्थापन तथा नियमन

**६. विद्यालय खोल्ने अनुमति सम्बन्धी व्यवस्था :**

(१) समुदाय, व्यक्ति वा संस्थाले नयाँ विद्यालय खोल्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिका लागि वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको अवस्थामा शिक्षा अधिकृतले तोकिएको मापदण्ड पूरा भएको देखेमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै आफ्नो रायसहितको प्रतिवेदन गाउँ शिक्षा समितिको वैठकमा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिको वैठकले अनुमति दिन उपयुक्त भएमा आवश्यक सर्त सहित अनुमति प्रदानगर्ने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्र को कक्षा थप र विषय थप गर्ने अनुमति सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुने छ ।

(५) उपदफा (३) बमोजिम अनुमति दिँदा आधारभूत तहको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै दिनुपर्ने छ र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनुपर्ने छ ।

(६) विद्यालयहरूको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

(७) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया र मापदण्ड प्रचलित कानुन बमोजिम हुने छ ।

७. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,।

तर,

(१) बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

८. **धरौटी रकम जम्मा गरिने** :

(१) विद्यालयले नियम धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

**९. प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुमति एवम् रद्द गर्ने सम्बन्धी विशेष व्यवस्था :**

(१) गाउँपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि सम्बन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पूरागर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा गाउँपालिकाले त्यस्तो अनुमति रद्द गर्नसक्ने छ । तर अनुमति रद्द गर्नु अघि त्यस्ता संस्थालाई सफाइको मौका दिनुपर्ने छ ।

**१०. गाउँ शिक्षा समितिको गठन :**

(१) गाउँपालिका क्षेत्रभित्रका विद्यालय शिक्षाको गुणस्तर सुधार, रेखदेख र व्यवस्थापन गर्न आवश्यक नीतिगत सुझाव दिन देहाय वमोजिमको गाउँ शिक्षा समिति रहने छ :

(क) गाउँ शिक्षा समितिको अध्यक्षमा गाउँपालिका अध्यक्ष वा अध्यक्षले काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँकार्यपालिकाबाट मनोनित गाउँकार्यपालिकाको एक महिला सहित २ जना सदस्य - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रअहरु मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउ शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(च) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँशिक्षा समितिद्धरा मनोनित एक जना अध्यक्ष - सदस्य

(छ) समाज सेवी, शिक्षाविद् र चन्दादाताहरू मध्येबाट समितिद्वारा मनोनीत एक महिला सहित २ जना -सदस्य

(ज) नेपाल शिक्षक महासंघको गाउँ अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(झ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार शिक्षाका गाउँस्तरीय पेशागत सङ्घ/सङ्गठनका प्रमुख वा प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सकिने छ।

(३) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक दुई महिनामा एक पटक वस्नुपर्ने छ।

(४) मनोनीत सदस्यको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुने छ।

तर मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ , तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने छ।

(५) गाउँपालिका स्तरीय बाल क्लव वा बाल संजालको प्रतिनिधिलाइ गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

**११. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** दफा (८) बमोजिम गठित गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छ।

(क) गाउँपालिका क्षेत्रभित्र स्वच्छ एवम् शान्त शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

(ख) विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ग) विद्यालयलाई आर्थिक सहयोग उपलव्ध गराउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने तथा विद्यालयहरूलाई क्रमशः आर्थिक रुपमा आत्मनिर्भर बनाउन योजना बनाई कार्यान्वयन गर्ने र गराउने,

(घ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणका लागि स्वीकृत शिक्षा योजना बमोजिम कार्यक्रम बनाउने,

(ङ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिका लागि आवश्यक व्यवस्था गर्ने,

(च) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई सहयोग गर्ने,

(छ) विद्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार अनियमितता देखिएमा तोकिए अनुसारको कारबाही गर्ने/ गराउने,

(ज) तोकिएको भन्दा न्यून विद्यार्थी सङ्ख्या भएमा वा विद्यालय नै नचाहिने भएमा वा बारम्बार विद्यालयमा नियम विपरित कार्य भएमा आवश्यक प्रक्रिया पूऱ्याएर त्यस्ता विद्यालय बन्द गर्ने,

(झ) शैक्षिक क्यालेन्डर बनाउने र सोबमोजिम विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ञ) गाउँक्षेत्रलाई उत्कृष्ट शैक्षिक गन्तव्य केन्द्रकारुपमा विकास गर्ने,

(ट) गाउँस्तरीय खेलकुद, स्काउट, सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासका लागि आर्थिक स्रोत जुटाउने,

(ठ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ड) गाउँ सभाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(ढ) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाइ तथा शौचालयको मापदण्ड तोक्ने,

(ण) प्रत्येक वर्ष गाउँ क्षेत्रभित्रको दरबन्दी मिलानकार्य तथा नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न वा तह थपको अनुमति दिन वा विद्यालय गाभ्न आवश्यक व्यवस्था गर्ने,

(त) गाउँ क्षेत्रभित्र विशेष आवश्यकता भएका सडक तथा होटल मजदूर बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि शिक्षाको आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यालय सुधार तथा बिकासका लागि निर्देशन गर्ने,

(द) विद्यालयमा न्यूनतम पूर्वाधार पूरा गरेका विद्यालयलाई प्राविधिक तथा व्यावसायिक धार सञ्चालन गर्न अनुमति दिने ।

**१२. वडा शिक्षा समिति :**

(१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कार्यका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति हुनेछ ।

(क) वडा अध्याक्ष वा निजले तोकेको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित वडा क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना अध्यक्ष - सदस्य

(ग) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट वडा शिक्षा समितिद्धरा मनोनित एक जना महिला सदस्य सहित दुइ जना सदस्य - सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सम्बन्धित वडाले मनोनित गरेको एक जना प्रध्यानाध्यापक - सदस्य

(ङ) सम्बन्धित वडा स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी वडा शिक्षा समितिबाट मनोनित एक जना - सदस्य

(च) सम्बन्धित स्रोतव्यक्ति वा स्रोत व्यक्ति नभएको अवस्थामा वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

तर मनोनित सदस्यले आफ्नो पदअनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्ने छ ।

(३) वडा शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

**१३. विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) अभिभावकहरुले आफुहरू मध्येबाट छानी पठाएका दुइ जना महिला सहित ४ जना अभिभावक - सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको वडा सदस्य - सदस्य

(ग) विद्यालय संस्थापक स्थानीय बुदिजिवी शिक्षाप्रेमी वा विद्यालयलाइ निरन्तर दस वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाइ दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट क र ख ले मनोनित गरेको एकजना महिला सहित दुइ जना सदस्य - सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुने छ ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(४) विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विद्यालय निरीक्षक र स्रोतयक्तिलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति लाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) कार्यपालिकाबाट खटिएर आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि गाउँ शिक्ष समितिको प्रतिनिधि, विद्यालयका चन्दादाता, संस्थापक, समाजसेवी, शिक्षाविद् र अभिभावकहरूको भेला गराई शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमहरुको सम्बन्धमा जानकारी गराउने र विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय सम्बन्धमा तोकिए बमोजिम सामाजिक परीक्षण गराई गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन कार्यालयमा पेस गर्ने,

(झ) विद्यालयका लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने,

(ञ) शिक्षक तथा कर्मचारीलाई तालिमका लागि छनोट गर्ने,

(ट) रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका लागि पद रिक्त भएको मितिले पन्ध्र दिन भित्र शिक्षा शाखामा अनुमति माग गर्ने/गराउने,

(ठ) विद्यालय निरीक्षकले विद्यालयको निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने,

(ड) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा कार्यालयमा अनुरोध गर्ने,

(ढ) मापदण्ड बनाई शिक्षक एवम् कर्मचारीलाई पुरस्कृत गर्ने,

(ण) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुको आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(त) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा तोकिए बमोजिम पदाधिकारी रहेको बढीमा एघार सदस्य रहेको शिक्षक अभिभावक सङ्घ गठन गर्ने,

(थ) गाउँ शिक्षा समितिले दिएको निर्देशनको पालना गर्ने र गराउने ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय अनुसारका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) विद्यालय संस्थापक वा लगानीकर्ताहरू मध्येबाट निजहरुको सिफारिसमा प्रमुखद्वारा मनोनित एक जना -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला रहने गरी अभिभावक भेलाबाट मनोनित दुईजना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट सम्बन्धित वडा समितिद्वारा मनोनित एकजना महिला सहित दुई जना - सदस्य

(घ) शिक्षा अधिकृत वा शिक्षा अधिकृत नभएमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कार्यालयको अधिकृत कर्मचारी एक जना - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(७) मनोनित सदस्यको पदावधि मनोनीत भएको मितिले तीन वर्षको हुने छ ।

तर निज सदस्यहरूले आफ्नो पद अनुसारको आचरण गाउँको देखिएमा त्यसरी मनोनयन गर्ने पदाधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त स्रोत र साधनको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) प्रचलित कानुन बमोजिम तोकिएको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(छ) नेपाल सरकार र प्रदेश सरकारलले तोकेको तलब स्केलमा नघटाई शिक्षकलाई तलब भत्ता उपलब्ध गराउने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) नेपाल सरकार र प्रदेश सरकारका निर्देशनहरूको पालना गर्ने,

(ञ) कम्तीमा दस प्रतिशत बालबालिकाहरुलाई निशूल्क पठन पाठनको ब्यवस्था गराउने,

(ट) गाउँ शिक्षा समितिले निर्धारण गरको मापदण्ड अनुसार शुल्क लिने र लिन लगाउने,

(ठ) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुका आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(ड) गाउँ शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने र गराउने ।

(९) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१०) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँस्तरका उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधि समेत सदस्य रहनेछन् ।

**१४. व्यवस्थापन समितिको पदाधिकारी हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको

(च) कुनै अन्य विद्यालयमा पठन पाठन गराइरहेको शिक्षक गाउँपालिका भित्रका कुनै विद्यालयमा व्यवस्थापन समितिमा बस्न पाइने छैन ।

(छ) विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको म्याद निवार्चित मितिले ३ वर्ष कायम रहने छ । एउटै व्यक्ति सोही विद्यालयमा दुइ कार्यकाल भन्दा बढी अध्यक्ष पदमा बस्न पाउने छैन ।

**१५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा हिनामिना गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्नसक्ने छ ।

तर त्यसरी विघटन गर्नु अघि उक्त समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनुपर्ने छ ।

(२) विद्यालय व्यवस्थापन समिति विघठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा तत्कालका लागि कार्य संचालन गर्न ३ महिना सम्मको लागि वडा शिक्षा समितिले व्यवस्थापन समिति काम काज गर्न सक्ने छ ।

**१६. विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

**विद्यालय गाभ्न सकिने** :

(१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी वीस मिनेटभन्दा कम रहेको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

**१७. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापन :**

(१) विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।.

**१८. विद्यालयको तह वा कक्षा घटाउन सकिने** :

कुनै विद्यालयको सम्बन्धमा गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा शाखा तथा वडाको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

**१९. विद्यालयको कक्षा थप गर्न सकिने :**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै गाउँकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) गाउँपालिकाले थप हुने कक्षाको लागि पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिश अनुसार गाउकार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाको सर्त तथा योग्यता

**२०. शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था :**

(१) विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी सङ्ख्या र तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेस गर्नुपर्ने छ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखी पठाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम माग भएको अवस्थामा वा कार्यालयले आवश्यक देखेको खण्डमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी सङ्ख्या, अध्ययन-अध्यापनका विषय तथा वित्तीय स्रोतको सुनिश्चितता समेतका आधारमा कार्यालयले सामुदायिक विद्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यालयलाई आवश्यक पर्ने दरबन्दीको प्रस्ताव तयार गरी गाउँ शिक्षा समितिमा पेस गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत सङगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा गाउँ शिक्षा समितिले जस्ताको त्यस्तै वा परिमार्जन सहित दरबन्दी स्वीकृत गर्न सक्नेछ ।

**२१. शिक्षकको सेवाको सर्त :**

(१) शिक्षकका सेवा सर्तहरु देहाय बमोजिम हुने छन् :

(क) शिक्षकले आफू नियुक्त भएको विषयको अनिवार्य रुपमा अध्यापन गर्नुपर्ने छ ।

(ख) आफू विदा बस्नु परेको अवस्थामा विद्यालय प्रशासनसँग स्वीकृत लिनुपर्ने छ। साथै प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको सहमति लिनुपर्ने छ। तर प्रधानाध्यापकले विद्यालय प्रशासनलाई जानकारी गराई दुई दिन सम्म क्यावि/पर्व विदा लिन सकिने छ ।

(ग) शिक्षकले विद्यालयको शैक्षिक पात्रोअनुरुप आफ्नो विषयको शैक्षणिक योजना विद्यालय प्रशासनबाट कार्यान्वयन गर्नुपर्ने छ ।

(घ) शिक्षकले तोकिएको आचारसंहिता पालना गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सेवाको सर्त पालना गर्नु शिक्षकको कर्तव्यहुने छ ।

**२२. कर्मचारीको सेवाको शर्त :**

(१) विद्यालयका कर्मचारीका सेवा सर्तहरु देहाय बमोजिम हुने छन् :

(क) विद्यालयमा नियमित उपस्थित भई दैनिक प्रशासनिक कार्य गर्नुपर्ने छ ।

(ख) विद्यालयका शिक्षक, कर्मचारी एवम् विद्यार्थीको लगत तथा अभिलेख अद्यावधिक बनाई राख्नुपर्नेछ ।

(ग) आफू विदा बस्नु परेको अवस्थामा प्रधानाध्यापकसँग स्वीकृत लिनुपर्ने छ ।

(घ) प्रधानाध्यापकले तोकेको विद्यालय प्रशासनसँग सम्बन्धित अन्य कार्य गर्नुपर्ने छ ।

(ङ) विद्यालय आचार संहिता पालना गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सेवाको सर्त पालना गर्नु कर्मचारीको कर्तव्यहुने छ ।

२३. **शैक्षिक योग्यता** : विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानुन बमोजिमहुने छ ।

२४. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदानगर्ने वा विद्यालय प्रशासन सम्बन्धी कार्यमा बाहेक विद्यालयले अन्य कार्यमा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा प्रचलित कानुन बमोजिमको अन्य काममा खटाउन सकिने छ ।

२५. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** विदा स्वीकृत गराई बसेको वा शैक्षिक प्रयोजनका लागि काजमा रहेको वा दफा (१९) को उपदफा (२) अनुरुपको काममा खटिएको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

## परिच्छेद ५

## शिक्षक तथा कर्मचारीको नियुक्ति, वृत्ति विकास, सजाय तथा सेवाको सुरक्षा

**२६. शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था :** शिक्षक तथा कर्मचारी नियुक्त प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्नसकिने छ ।

**२७. सरुवा सम्बन्धी व्यवस्था** :

(१) गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयका आधारमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ तर विशेष परिस्थितिमा भने सरुवा गर्न सकिने छ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुइ वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा अधिकृतबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिका विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(७) नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(८) सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(९) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(१०)सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः (१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

**२८. करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी :**

(१) विद्यालयमा रिक्त रहेको दरवन्दीमा शिक्षक नियुक्ति गर्न व्यवस्थापन समितिको निणर्य सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा शिक्षक नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउन अनुमति दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीबाट मात्र करारमा शिक्षक नियुक्त गर्नुपर्ने छ ।

**२९. सामुदायिक विद्यालयमा करार शिक्षक, छनोट तथा सिफारिस समिति :**

(१) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस गर्न गाउँ कार्यपालिकामा एक शिक्षक छनौट तथा सिफारिस समिति रहने छ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) सम्बन्धित विषयका विज्ञ दुई जना - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) करार शिक्षक छनौटको परीक्षा सञ्चालन कार्यालयले तोकेको स्थान हुने छ ।

(३) शिक्षक छनोट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) सम्बन्धित स्रोत व्यक्तिलाई करार शिक्षक नियुक्तिका लागि छनोट तथा सिफारिस समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

विज्ञ सदस्य गाउँपालिका भित्र सुचिकृत भएका व्यक्तिहरुमध्ये बाट गाउँशिक्षा समितिको अध्यक्षले तोकिए बमोजिम हुने छ ।

**३०. सामुदायिक विद्यालयमा कर्मचारीको करार नियुक्ति सम्बन्धमा :** विद्यालय कर्मचारीहरूको करार नियुक्ति सम्बन्धी कार्यविधि तोकिए बमोजि हुने छ ।

**३१. शिक्षक तथा कर्मचारीको तालिम सम्बन्धी व्यवस्था :** गाउँ कार्यपालिकाले माग र आवश्यकताका आधारमा कार्यक्रम तथा कार्ययोजना बनाई तालिम सञ्चालन गर्न सक्ने छ ।

**३२. शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा :** विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सर्त प्रचलित कानुन बमोजिम हुने छ ।

**३३. शिक्षकको अनुशासन र आचरण :** विद्यालयल शिक्षकको अनुशासन र आचरण प्रचलित कानुनमा तोकिए बमोजिमहुने छ ।

**३४. शिक्षक तथा कर्मचारीले गर्न नहुने गरी निषेध गरिएको :**

(१) विद्यालयका शिक्षक तथा कर्मचारीले देहायका कार्य गर्न पाउने छैन :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्न,

(ख) उत्तरपुस्तिका परीक्षणमा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गर्न,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति विना प्रवेश गर्न,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गर्न,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गर्न,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिन,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गर्न,

(ज) विद्यालयको सम्पत्ति हिनामिना गर्न ।

(२) उपदफा (१) को कार्यगर्ने शिक्षक तथा कर्मचारीलाई गाउँ कार्यपालिकाले प्रचलित कानुनको प्रकृया अपनाई कारवाहीको प्रकृया अगाडि बढाउनुपर्ने छ ।

**३५. सजाय तथा पुनरावेदन :** विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको सजाय तथा पुनरावेदन सम्बन्धी व्यस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन र व्यवस्थापन तथा गुणस्तर मापन

**३६. गाउँ परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) आधारभूत तहको अन्तमा लिइने परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि देहायको एक गाउँ परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट गाउँ शिक्षा समितिको सिफारिसमा एक महिला सहित दुई जना शिक्षक - सदस्य

(ग) संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले तीन वर्षको हुने छ । तर मनोनित सदस्यको कार्य सन्तोषजनक नभएमा अध्यक्षले जुनसुकै समयमा हटाउन सक्ने छ ।

तर त्यसरी हटाउनु अघि त्यस्तो मनोनित सदस्यलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

**३७. गाउँ परीक्षा संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने,

(ग) आवश्यकता अनुसार विद्यालयलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(घ) परीक्षाफल प्रकाशित गर्ने तथा परीक्षार्थीलाई प्रमाण पत्र दिने,

(ङ) बजेटको बाँडफाँड गर्ने, संस्थागत विद्यालयको परीक्षा शुल्क निर्धारण तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(च) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) प्राकृतिक प्रकोप वा कुनै विपद वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णय लिने,

(ज) गाउँ शिक्षा समितिबाट तोकिए बमोजिमका अन्यकार्य गर्ने ।

**३८. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :**

(१) गाउँ परीक्षा समितिले आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने छ।

(२) गाउँ शिक्षा समितिले माध्यमिक तहको परीक्षा सञ्चालनका लागि आवश्यक समन्वय गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२) बाहेकका परीक्षा सञ्चालन गाउँ परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालयले गर्ने छ।

(४) कक्षा ५ को अन्तिम परीक्षा गाउँ परिक्षा समितिले निर्धारण गरे अनुसार सञ्चालन हुने छ।

**३९. शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि मापन सम्बन्धी व्यवस्था :**

(१) विद्यालयले प्रत्येक शैक्षिक सत्रको पहिलो महिना भित्र अघिल्लो शैक्षिक सत्रको परीक्षाफलको विश्लेषण गरी गाउँ शिक्षा समिति समक्ष गर्नुपर्ने छ।

(२) गाउँ शिक्षा समितिले उपदफा (१) बमोजिम प्राप्त विश्लेषणको अध्ययन गरी शैक्षिक गुणस्तर बढोत्तरीका लागि आवश्यक सुधारको प्रकिया अगाडि बढाउनुपर्ने छ।

## परिच्छेद ७

## विविध

**४०. शिक्षाको माध्यम :**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली वा अङग्रेजी वा दुवै भाषा हुने छ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ।

(३) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ ।

(४) अपाङ्गता भएका बालबालिकाको लागि तोकिए बमोजिम भाषाको माध्यम प्रयोग गर्न सकिने छ ।

**४१. प्रारम्भिक बाल विकास केन्द्र स्थापना :**

(१) कुनै संस्था वा विद्यालयले प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न चाहेमा अनुमतिका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न तोकिएको मापदण्ड तथा प्रक्रिया पूरा भई अनुमति दिन मनासिब देखिएमा आवश्यक सर्त तोकी वडा समितिले अनुमति दिनसक्ने छ ।

तर गाउँपालिकालाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा गाउँ कार्यपालिकाको पूर्व स्वीकृत लिनुपर्ने छ ।

(३) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको सर्त अनुरूप प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गाउँमा वडा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्नसक्ने छ । तर त्यसरी रद्द गर्नु अघि त्यस्तो संस्थालाई सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**४२. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ ।

(२) यस ऐनबमोजिम अनुमति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल अचल सम्पत्ति अन्य

विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न सक्ने छ ।

(३) विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ ।

**४३. विद्यालयलाई छुट र सुविधा :**

(१) सामुदायिक विद्यालयको नाममा सम्पत्तिको लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने भए गाउँपालिकाले त्यस्तो दस्तुरको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) शैक्षिक गुठीको रुपमा सञ्चालन हुने संस्थागत विद्यालयको सम्पत्तिको लिखत पारित गर्दा गाउँपालिकामा कुनै दस्तुर लाग्ने छैन ।

**४४. शुल्क सम्बन्धी व्यवस्था :**

(१) प्रचलित कानुनले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा शुल्क लिन पाउने छैन ।

(२) संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले तोकिएको मापदण्ड बमोजिम शुल्क निर्धारण गर्नुपर्ने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन बाधा पर्ने छैन ।

**४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका

विपन्न, अपाङ्गता भएका, महिला, दलित वा जनजाति, जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ। त्यसरी प्रदान गरिएको छात्रबृत्तिको विवरण विद्यालयमा सार्वजनिक गरी एक प्रति कार्यालयमा समेत पठाउनुपर्ने छ।

(२) विद्यालयले उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने छ।

(३) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्ने आधार तोकिए बमोजिमहुने छ।

**४६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्ने पूर्वाधार तोकिए बमोजिमहुने छ।

(२) गाउँपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालयलाई विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा मध्ये सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्नसक्ने छ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिने छ।

**४७. गुरुकुल, आश्रम, गुम्बा वा गोन्पा सम्बन्धमा :** १) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोकिए बमोजिम हुनेछ ।

**४८. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था :**

(१) विद्यालयहरूले गाउँ शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

(२) गाउँ कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्तक्रियाकलाप सचालन गर्नुपर्ने छ ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्वन्धी थप व्यवस्था तोकिए बमोजिमहुने छ ।

(४) विद्यालयहरूले प्रत्येक शुक्रबार अपराह्न पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

**४९. विद्यालय शिक्षक तथा विद्यार्थीको पोसाक सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीको पोसाकमा एकरुपता ल्याउने गरी पोसाक निर्धारण गर्न सक्नेछ ।

(२) सामुदायिक तथा संस्थागत विद्यालयले उपदफा (१) बमोजिम निर्धारण भएको पोसाकको पालना गर्नुपर्ने छ ।

**५०. प्रधानाध्यापकको छनोट, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था:**

**प्रधानाध्यापक सम्बन्धी व्यवस्था** :

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय वमोजिम प्रमुख प्रशाासकिय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(३) प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शिक्षा अधिकृतसँग पञ्च वर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

**५१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार** :

प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिय बमोजिम हुनेछ ।

**५२. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज** :

विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु,

**५३. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था** :

(१) गाउँसभाले वार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठयक्रम विकास केन्द्रले बनाएको पाठयक्रम प्रा?पलाई मूल आधार मान्नुपर्ने छ ।

(२) गाउँसभासभाले आफु मध्येवाट एक जना सदस्यलाई शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन बार्षिक रुपमा सभा समक्ष पेश गर्न तोक्नेछ .

(३) उपदफा (२) वमोजिम तोकिएको सदस्यले प्रमुख प्रशासकिय अधिकृत सँग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ ।

(४) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र शुरु हुनु भन्दा दुई महिना अगाडी पेश भई सक्नु पर्नेछ ।

**५४. विद्यालयको सम्पत्तिको सुरक्षा** :

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ र सो को लगत संकलन तथा अध्यावधिक गर्ने जिम्मेवारी शिक्षा शाखाको रहनेछ ।

(३) सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको अध्याविधक विवरण शिक्षा शाखाले वार्षिक रुपमा सार्वजनिक गर्नेछ ।

**५५. विद्यालयलाई अनुदान दिने** :

(१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाबाट विद्यालयको लागी प्राप्त रकम गाउँकार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँट गरिने छ .

(क) विद्यालयको विद्यार्थी संख्या,

(ख) विद्यालयको शिक्षक संख्या,

(ग) विद्यालयको परीक्षाको परिणाम,

(घ) विद्यालयको आर्थिक अवस्था ।

ङ) विद्यालयले पुरा गर्नु पर्ने न्युनतम पूर्वाधारहरु (Prioritized Minimun Enabling Conditions PEMEC सम्बन्धित काममा खर्च गर्नु पर्नेः विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ ।

**५६. स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नु पर्ने** :

(१) विद्यालयले विद्यालयको भवन, फर्निचर र अन्य कार्यको लागि स्थानीय स्रोतबाट समेत रकमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थानीय स्रोतबाट भवन निर्माणको लागि रकम नपुग्ने भएमा कार्यपालिकाले जनसहयोगलाई प्रोत्साहन गर्ने गरी सामुदायिक विद्यालयलाई आवश्यक रकम अनुदान दिन सक्नेछ ।

**५७. विद्यालय संचालन संचित कोषको सञ्चालन** :

(१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय संचालन कोष रहनेछ ।

(२) विद्यालयले संचालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) विद्यालय संचालन कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक विद्यालय संचालन कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

(५) विद्यालय संचालन कोषको हिसाब-किताब लेखा राख्ने, बेरुजु फर्छ्यौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ ।

(६) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय संचालन कोषको रकम गाउँपालिकाले तोकिदिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय संचालन कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

**५८. बजेट तयार गर्ने** : प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**५९. लेखा परीक्षण गराउने:** व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष गाउँकार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

**६०. प्रतिवेदन पेश गर्नु पर्ने** : लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र गाउँपालिकामा एक-एक प्रति पठाउनु पर्नेछः-

**६१. विद्यालयको कामको सामाजिक परीक्षण गर्ने:** सामुदायिक विद्यालयले आफ्नो कामको सामाजिक परीक्षण गर्नपर्नेछ ।

**६२. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था:**

१) विद्यालयहरुले शिक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम अतिरिक्त क्रियाकलाप  संचालन गर्नुपर्नेछ ।

२) गाउँकार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी  अन्तर विद्यालय प्रतिस्पर्धात्मक  अतिरिक्त क्रियाकलाप सचालन गर्नु पर्नेछ ।

३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक  अतिरिक्त क्रियाकलाप संचालन सम्वन्धि थप व्यवस्था कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

**६३. पाठ्यक्रम र पाठ्य सामग्री :**

(१) विद्यालयमा पठन पाठन हुने पाठ्यक्रम प्रचलित कानुन वमोजिम हुनेछ ।

(२) गाउँपालिकाले सङघीय र प्रदेश कानुन प्रतिकूल नहुने गरी आफ्नो विशिष्ट आवश्यकता बमोजिमका थप पाठ्यक्रम बनाई लागु गर्न सक्नेछ।

(३) कार्यालयले समयमा नै सहजरुपमा विद्यालयलाई पाठ्य पुस्तकको व्यवस्था गर्ने छ।

**६४. विद्यालयको बिदा सम्बन्धमा :**

(१) कार्यपालिकाले नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादात्म्य कायम हुने गरी विद्यालयको सार्वजनिक बिदा निर्धारण गर्नसक्ने छ।

(२) विद्यालयले कार्यपालिकाद्धारा निर्धारण गरे बमोजिम एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालिस दिनसम्म बिदा दिन सकने छ।

(३) विद्यालयले कार्यालयलाई जानकारी गराई एक शैक्षिक सत्रमा बढीमा ५ दिन स्थानीय आवश्यकता अनुसार विद्यालयमा बिदा दिन सक्ने छ।

(४) माथि उल्लेखित उपदफा बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिने छ।

(५) गाउँपालिका भित्रका दरबन्दीमा कार्यरत शिक्षिका प्रसुती बिदामा बस्दा उक्त समयमा पठनपाठनको व्यवस्था गर्ने गाउँपालिकाद्वारा उक्त विद्यालयलाई शिक्षक अनुदानको व्यवस्था गर्न सक्नेछ।

**६५. अनुदान कटौती गरिने :** विद्यालयले तोकिएको अबधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्नसकिने छ।

**६६. लेखापरीक्षण, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट र सम्परीक्षणः** विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६७. अनुमति लिन पर्ने :**

(१) कुनै संस्था वा व्यक्तिले शिक्षासँग सम्बन्धित देहायका सेवा सञ्चालनको लागि कार्यालयको अनुमति लिनुपर्ने छ :-

(क) विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा,

(ख) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा,

(२) उपदफा (१) का सेवालाई सेवा व्यवसायका रुपमा गाउँपालिकामा दर्ता गराई सञ्चालन गर्नु पर्नेछ ।

(३) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले विद्यालय समय बाहेक अन्य समयमा कुनै पनि संघसंस्थामा कार्य गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने छ ।

**६८. नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार :**

(१) यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यकता अनुसार नियमावली वा निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउनसक्ने छ ।

**६९. खारेजी र बचाउ :**

(१) यो ऐन बन्नु अघि कार्यपालिकाको निर्णयबाट भएका कार्य वा प्रचलित कानुन बमोजिम भएका कार्य स्वतः यसै ऐन बमोजिम भएको मानिने छ ।

**प्रमाणीकरण मितिः २०७५।०१।२६**

**आज्ञाले,**
**बालकृष्ण हुमागाई**
**प्रमुख प्रशासकीय अधिकृत**